# गुठीका अध्यक्ष श्री कमलमणि दीक्षितद्वारा स्वागत भाषण

**ॐ असतोमा सद्‌गमय तमसोमा ज्योतिर्गमय मृत्योर्मा अमृतं गमय**
**ॐ शान्तिः ! शान्तिः ! शान्तिः !**

**आदरणीय डा. उपेन्द्रमान मल्लज्यू, आजका हाम्रा 'ब्यौलाद्वय' रत्नमशेर थापाज्यू र राजन मुकारुङज्यू तथा उपस्थित सभ्यगण,**

सत्तरी सालको यो रमाइलो शारदीय याममा, नौरथाको यो घमाइलो दिनमा रातो बङ्गला स्कूलको यस्तो भव्य सभामञ्चमा तपाईंहरू सबैलाई म हार्दिक स्वागताभिवादन गर्दछु । यस ठाउँमा एकत्रित यतिका गुणीजनलाई स्वागत गर्न पाउनुलाई मेरो सौभाग्य ठानेको छु किनभने यो अति पावनस्थल हो । यसै ठाउँमा, अरु ठीकसँग भनूँ, यो स्थलभन्दा १०-१५ फीट तल रहेको 'ठूलो बैठक' भनिने ठाउँमा ५८ वर्षअघि, २०१२ सालको मंसिर २८ गते, मङ्गलबार यस्तै अपराह्नको समयमा मदन पुरस्कारको जन्म भएको थियो। दुर्भाग्यले त्यो ठूलो बैठक अब छैन, त्यो श्रीदरबार पनि छैन भत्काइयो । तर, धन्यवाद भनूँ रातो बङ्गला स्कूललाई, उसले त्यो पाताल किन्यो र त्यसको जगमा सरस्वतीको यस्तो राम्रो मन्दिर र यो सभास्थल निर्माण गरिदियो। त्यही भएर नै आज जनरल मदनशमशेर र रानी जगदम्बालाई हामीले यसरी यहाँ स्वागत जनाउन सकेका हौं। मेरो आग्रह छ, तपाईंहरू पनि उहाँहरूलाई स्वागत गर्नुहोस् ।

हाम्रा "ब्यौलाहरू" लाई म के भनूँ ? स्वागत कसरी भनूँ ? यो तपाईंहरूकै कार्यक्रम हो, तपाईंहरूकै समारोह, आयोजक पनि तपाईंहरू, अभ्यागत पनि तपाई नै ! भए पनि मैले स्वागत-निवेदन त गर्नै पर्छ, किनभने तपाईंहरूले नगरिदिएको भए यो आयोजना नै हुने थिएन । तपाईंहरूले नलेखिदिएको भए हामी कसरी यो सम्मानकार्य गर्थ्यौं ?

डाक्टर मल्ल, तपाई शायद पहिलो पटक हाम्रो समारोहमा पाल्नुभएको हो । यहाँको यो अनौपचारिकता तपाईंलाई नौलो र अनौठो लाग्यो होला । म ऐले तपाईंका बुवालाई सम्झिरहेको छु । उहाँ मदन पुरस्कार गुठीका संस्थापक सदस्यमध्येका एक जना हुनुहुन्थ्यो र मलाई विशेष स्नेह समेत गर्नुहुन्थ्यो । मेरो एक जना प्रेरणाको स्रोत पनि हो खड्गमान माड्साब । त्यस्ता पिताका पुत्र तपाईंलाई म यस समारोहमा 'न्यानो स्वागत' भन्दछु ।

नेपालका कवि, लेखक, बुद्धिजीवीका प्रतिनिधि स्वरूपका उपस्थित विद्वान् विदूषी मित्रहरू, हाम्रो निमन्त्रणा स्वीकार गरेर तपाईंहरू आइदिनुभयो, हामी धन्य भएका छौं । आज बिदा छैन । कति जनाले आफ्ना काम र कार्यालय छाडेर आउनुभएको होला, तपाईंहरूको सद्भावनाले हामी प्रोत्साहित भएका छौं । म तपाईंहरूलाई हार्दिक स्वागतम् भन्छु ।

जय होस् !